आज मिति २०७८ चैत्र २४ गते बिहीवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ८० औं  कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ५ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ६ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ९ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १३ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १४ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १५ | न.का.स | श्री पार्वती अधिकारी | | |
| १६ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १७ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १८ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १९ | न.का.स | श्री शोभा तामाङ | | |
| २० | न.का.स | श्री लिला भुजेल | | |
| २१ | न.का.स | श्री बच्चुराज बस्याल | | |
| २२ | न.का.स | श्री सन्जिव सुनुवार | | |

निर्णयहरुः

१. नगरकार्यपालिकाको ७९ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो ।

२. नगरकार्यपालिकाको ७९ औं कार्यपालिका वैठकवाट उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत संचालन हुने चालु आ.ब २०७८/७९ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु सम्झौताको समय सीमा २०७८ चैत्र मसान्त सम्म तोकिएकोमा उक्त समय सीमालाई २०७९ वैशाख मसान्त सम्म कायम गर्ने ।

३. गौरा श्रृङ्खला जे/भीसंग नगरपालिका कार्यालयको प्रशासकीय भवन निर्माण (ठेक्का नं. 06/NCB/TM/W/2076-77) को लागि ठेक्का सम्झौता हुदाँको घटी दरमानै प्राविधिक प्रतिवेदन अनुसार थप भेरिएसन आदेश स्वीकृत गरी प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी गर्ने ।

४. गैह्रीगाउँ पुल देखि गैह्रीगाउँ चोक - जालपा चोक हुदै वानियाँटार हाईट पिपलवोट जोड्ने सडक कालोपत्रे Overlay एवं ढलान कार्य ( ठेक्का नं. 43/NCB/TM/W/2077-78) का लागि कसरा कन्स्ट्रक्सनसंग ठेक्का सम्झौता हुदाँको घटी दरमानै प्राविधिक प्रतिवेदन अनुसार भेरिएसन आदेश स्वीकृत गरी प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी गर्ने ।

५. धापासी देवीटोल चोक देखि गणेश विष्टको घरको दक्षिण सिढीं सम्म सडक स्तरउन्नती ( ठेक्का नं. 08/SQ/TM/W/2077-78) लागि के.एण्ड एस बिल्डर्स संग ठेक्का सम्झौता हुदाँको घटी दरमानै प्राविधिक प्रतिवेदन अनुसार भेरिएसन आदेश स्वीकृत गरी प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी गर्ने ।

६. टोखा नगरस्तरमा हुने विभिन्न मेला,पर्व,जात्रा,उत्सव २०७९ को लागि जुनसुकै खर्च शिर्षकमा वचत हुने रकमवाट रु. १३ लाख ५० हजार रकम विनियोजन गर्ने । (राष्ट्रिय टेलिभिजनवाट प्रत्यक्ष प्रसारण समेत) ( टोखा क्षेत्र १२ लाख,धापासी क्षेत्र १ लाख ५० हजार)

७. वडा नं. ११ मा रहेको मनोहरतिर्थ धाममा वहुउद्येशीय भवन निर्माण गर्न चालु आ.बमा हुने खर्चको लागि नवौं नगरसभाको सि.नं. १०४६ मा विनियोजित रकमवाट खर्च लेख्ने गरी वहुवर्षिय आयोजनाको रुपमा ठेक्का स्वीकृत गर्दै खरिद प्रकृया अगाडि वढाउने ।

८. वडा नं. २ को मेरिडियन संगै निर्माणाधिन खेलकूद मैदानको IEE गर्नको लागि कन्टीजेन्सीवाट खर्च लेख्ने गरी प्रकृया अगाडि वढाउने ।

९. २ नं. वडा कार्यालयको कार्यालय भवन (ठेक्का नं. 50/NCB/TM/W/2077-78) निर्माणको चरणमा रहेकोमा प्राविधिक शाखावाट पेश भए अनुसार डिजाईन तथा ड्रईङग परिवर्तन गरि सोहि ड्रईङग डिजाईन अनुसार हुन आउने लागत अनुमान स्वीकृत गरी भवन निर्माण प्रकृया अगाडि वढाउने ।

१०. वडा नं. ६ स्थित हरिहर वाल विकास केन्द्र तथा वडा नं. ११ स्थित महादेव वाल विकास केन्द्रहरुमा कक्षा १ थप गरी आधारभूत विद्यालयको रुपमा संचालन अनुमति प्रदान गर्ने साथै तहाँ कार्यरत शिक्षक कर्मचारीहरुलाई सेवा निरन्तरता दिदै नियमानुसार तलवभत्ता र संचालन खर्च उपलब्ध गराउने ।

११.तपसिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

क. सुनिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि , टोखा-३

ख. ईरिका कन्स्ट्रक्सन,टोखा-४

ग. वि.यु रिलायवल कन्स्ट्रक्सन प्रा.लि,टोखा-६

घ. म्यासिभ ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि,टोखा-४

ङ. समिप ईन्जिनियरिङ एण्ड स्पलायर्स,टोखा-६

च. कालिका बिल्डर्स,टोखा-७

छ. सिङला कन्स्ट्रक्सन प्रा.लि,टोखा-१०

ज. जिजस कन्स्ट्रक्सन प्रा.लि, टोखा-८

झ. फापाङ कन्स्ट्रक्सन प्रा.लि,टोखा-१०

ञ. अमिरखान कन्स्ट्रक्सन प्रा.लि,टोखा-१०

१२.तपसिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न गरिएको निर्णयलाई अनुमोदन गर्ने ।

क. ओम राजकुमार निर्माण कम्पनी प्रा.लि,टोखा-३

ख. खुशीसुशी कन्स्ट्रक्सन प्रा.लि,टोखा-७

ग. नादिया कन्स्ट्रक्सन प्रा.लि,टोखा-८

घ. मुक्तिनाथ बिल्डर्स एण्ड कम्पनी,टोखा-९

ङ. सुरज एण्ड समिक्षा कन्स्ट्रक्सन प्रा.लि, टोखा-६

च. मैताकुन्ता कन्स्ट्रक्सन एण्ड सप्लायर्स,टोखा-७

छ. बच्छला कन्स्ट्रक्सन,टोखा-२

ज. के.टि.एस बिल्डर्स प्रा.लि,टोखा-६

झ. त्रिशुलधारा कन्स्ट्रक्सन,टोखा-२

१३.औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट रकम उपलब्ध गराउने ।

क. वडा नं. ५ वस्ने श्री संगीता श्रेष्ठ लाई रु २३५००/-( खर्च शिर्षक नं.६०८ वाट भुक्तानी)

ख. नगर प्रवक्ता श्री वच्चुराज वस्याललाई रु. ४६०००/-

१४. स्टार मिडिया नेटवर्क प्रा.लिलाई टेलिभिजन कार्यक्रम निर्माण गरी राष्ट्रिय टेलिभिजनवाट प्रशारण गरेवापत रु १ लाख उपलब्ध गराउने ।

१५.स्थानीय सरोकार मिडिया प्रा.लिलाई सम्झौता वमोजिमको रकम जुनसुकै खर्च शिर्षकवाट उपलब्ध गराउने ।

१६.वडा नं. ११ मा तरकारी वीउ विजन खरिद तथा वितरण कार्यको रु १ लाख भुक्तानी उपलव्ध गराउने ।

१७.वडा नं. ११ को वडा कार्यालय नयाँ भवनमा सर्दा विभिन्न शिर्षकहरुमा वडा कार्यालयवाट पेश भए अनुसारको खर्च रकम सम्वन्धित कन्टिजेन्सीवाट भुक्तानी गर्ने।

१८.टोखा वडा नं. २ स्थित सन्तोष पोल्ट्री फर्ममा हावाहुरीले क्षति पुर्याएकोले उक्त फर्मलाई राहत स्वरुप रु ५० हजार रकम उपलव्ध गराउने।

१९. टोखा नगरपालिका वडा नं. ९ स्थित एस.पि.रिपेरिङिग एण्ड वाच सेन्टरमा आगलागी भई क्षति पुगेकोले उक्त वाच सेन्टरलाई राहत स्वरुप रु २५ हजार उपलव्ध गराउने।

२०. वडा नं.३ र ६ जोड्ने ग्राण्डी अस्पताल नजिकको विष्णुमति नदीमा पक्की पुल निर्माणको लागि नापी नक्सानुसार जग्गा खाली गराउने।

२१. दशौं नगरसभावाट वडा नं. १० को लागि छुट्याईएको रकम रु ४० लाख मध्येवाट तपशिल वमोजिमको योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने।

क. वडा भित्रको घनावस्तीहरुको मूल वाटो तथा गल्लीहरुमा सि.सि क्यामेरा जडान- रु.१५ लाख

ख. टोकियो बजारमा खानेपानी व्यवस्थापन रु. ६ लाख

ग. टोखा रोड जोड्ने ढकाल टोलको मुख्य तथा सहायक बाटोमा व्लक विछयाउने तथा मर्मत रु २ लाख

घ. मिलन नगर क्षेत्रमा पर्ने कृष्ण राउतको घरदेखि सुवास ढकालको घरसम्म वाटो मर्मत तथा पक्की- ४ लाख

ङ. प्रयाश नगरको सहायक गल्लीमा व्लक विछयाउने एवं मर्मत रु १ लाख

च. भण्डारी टोलको सहायक वाटोमा ढल व्यवस्थापन र वाटो मर्मत रु ६ लाख

छ. वकिल टोलको वाँकी वाटो ढलान (सहायक सडक) रु ६ लाख

२२. ९ नं. वडा कार्यालयको मिति २०७८-६-१९ को सिफारिस अनुसार योजना कार्यान्वयनको लागि पठाईएको नवै नगरसभाको सि.नं. ९२३ मा विनियोजित मिलनटोल वुद्ध मार्ग,दीपज्योति मार्ग संग जोडिएका र विष्णुमति करिडोर मूल बाटो निस्कने सहायक गल्लीहरुमा नयाँ सडकवत्ती जडान गर्ने कार्य प्रकृया अगाडि वढाउने।

२३.वडा नं. ३ मा वसोवास गरिवस्ने सजीता रावलले वडा कार्यालय वडा नं. ३ मा सम्पतिकर वुझाउदाँ दोहोरो सम्पतिकर दाखिला भएकोले दोहोरो वढी भुक्तानी भएको रकम रु ३७८२३/- फिर्ता माग गरेकोले सम्वन्धित वडा कार्यालयको सिफारिस अनुसारको वढी असुल भएको रकम फिर्ता गर्ने।

२४.अखिल नेपाल महिला संघद्धारा ११२ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कार्यक्रमको लागि विविध खर्च रकम रु ५० हजार भुक्तानी उपलव्ध गराउने।

२५.वागमति प्रदेश अन्तरगतका पालिकाहरुको जनप्रतिनिधिहरुको ४ वर्षे कार्यकालको समिक्षा कार्यक्रमको खर्च रकम रु २१६११२/- भुक्तानी उपलव्ध गराउने।

२६.वादोकाई कराते डो संघ नेपाललाई कार्यक्रम खर्च रकम भुक्तानी ३० हजार भुक्तानी उपलव्ध गराउने।

२७.वडा नं. ८ को रमणवस्ती आवास क्षेत्रको पूर्व-दक्षिण भागमा विष्णुमति नदी तटवन्ध(रिटेनिङग वाल ) निर्माणको लागि नगरसभाको नवौं अधिवेशनको सि.नं. २२४ मा **विष्णुमति/ साङ्लेखोला लगायतका**

**नदी नियन्त्रण रिटेनिङ्ग वाल (विभिन्न स्थानमा)** विनियोजित रकम मध्येवाट लागत अनुमान अनुसारको रकम रु ४१ लाख विनियोजन गर्ने ।

२८. वडा नं. १० को विभिन्न स्थानका सडकहरु मर्मत संहार तथा  ओभरले कार्य हुदै गरेकोमा वालकृष्ण पोखरेलको घर देखि रुपमा मेडिकल चोक सम्म खानेपानी पाईपलाईन विस्तार तथा मर्मत नगरी सडक निर्माण कार्य गर्न नमिल्ने अवस्था रहेकोले उक्त वालकृष्ण पोखरेलको घर देखि रुपमा मेडिकल चोक सम्म खानेपानी पाईपलाईन विस्तार कार्यको लागि नगरसभाको नवौं अधिवेशनको सि.नं. २०९ मा विनियोजित रकम मध्येवाट काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जवाट प्राप्त लागत अनुमान अनुसारको रकम रु ३१४८४८७/७३ विनियोजन गर्ने ।

२९. यस नगरपालिका वडा नं. ७ मा वसोवास गरिवस्ने साहित्यकार हरिहर शर्माद्धारा प्रकाशन भएको हरिहर खनाल ग्रन्थावली पुस्तक थान २०० पुस्तकमा उल्लेखित मूल्यमा नगरपालिकाले नवौं नगरसाभाको सि.नं. १५८ मा विनियोजित रकमवाट खरिद गरि सामुदायीक विद्यालय, सामुदायीक संघ/संस्थाहरुलाई उपलब्ध गराउने ।